भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.८१/८२

मितिः २०८१/०४/०७

च.नं. : ६३

**बिषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्बन्धमा।**

**श्री वडा कार्यालय सबै ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) उपनियम (१) मा उल्लेख भए बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न इच्छुक भए श्रावण १ गतेदेखि भाद्र मसान्त सम्म सम्बन्धित वडा कार्यालयमा परिचयपत्र नविकरणका लागि निवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोले देहायका कागजात संलग्न राखी सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउनुहुनको लागि अनुरोध छ ।

साथै राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिती २०८१।०१।२४ च.नं. ३८५ को निर्देशन अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने आगामी माघ महिना देखि अनिवार्य रुपमा लाभग्राहीको Biometric Verification गर्नुपर्ने भएकोले सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्दा राष्ट्रिय परिचयपत्र नम्बर (NIN) अनिवार्य भएकोले शिविर सञ्चालन गर्दा भरेको आवेदन फारम भएको हकमा अनिवार्य आवेदन नं. नभएको हकमा जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्ने अनुरोध छ ।
सामजिक सुरक्षा भत्ता नविकरणको लागि संलग्न गर्नुपर्ने कागजातहरु:

१) अनुसुची -२ बमोजिको निवेदन ।

२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिप ।

३) १३(तेह्) अङ्क सहितको लाभग्राही परिचयपत्रको प्रतिलिपी ।

४) हालसालै खिचेको पासपोर्ट साइजको फोटो ।

५) वाल पोषण तथा अपाङ्ग भत्ताको हकमा जन्मदर्ता र अपाङ्ग परिचयपत्रको प्रतिलिपी साथै संरक्षको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

६) राष्ट्रिय परिचयपत्र नम्बार वा आवेदन फारामको फोटोकपी।

७) सामाजिक सुरक्षा भत्ता खाने लाभग्राहीको बैंक खाता नं.।

८) विधुवाको हकमा पतिको मृत्युदर्ताको प्रमाण पत्रको प्रतिलिपि र विबाह नगरेको प्रमाणित पत्र ।

९) विवाह नगरी बसेका ६० वर्ष उमेर पुगेका महिला, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीरण गरी बसेका ६० वर्ष उमेर पुगेका हकमा अर्का विबाह नगरेको वडाको सिफारीस ।

नोट: तोकिएको समयमा नविकरण नगरेमा सामाजिक सुरक्षा भत्ता प्राप्त हुने छैन, साथै लाभग्राहिको नाम स्वत:प्रणालीबाट हट्ने छ र निर्धारित समयमा नविकरण नभएमा लाभग्राहीमा सुचिकृत हुन चाहेमा पुन: निवेदन पेश गर्नेपर्ने छ ।

.........................................
(देवीलाल विक)
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत